


PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com




❖ वर्ष ३४ ❖ २०७८ साउन १० गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 July 25 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३२७

## बाइपास सडकको अतिक्रमण हटाउँदै महानगरपालिका

प्रस, वीरगंज, ९ साउन/

वीरगज महानगरपालिकाले सडकमा राखेको अतिक्रमण हटाउने कार्य शनिवारदेखि पुनः शुरू गरेको छ।

सडकको दुवैतर्फ रहेको नालाको स्ल्याबसमेत ओभरलोड सवारीका कारण भत्केको छ। सडक छेउछाउ खोलिएका बडी–करखाना तथा कबाड पसलको


तस्वीर: प्रतीक

बाईपास सडकमा राखिएका सामान तत्काल हटाउने, नियन्त्रणमा लिने कारबाई थालिएको छ।

बाइपास सडकको हालैमा निर्माण कार्य सम्पन भएको तर सडक पेटीमा क्षमताभन्दा बढी सामान बोकेका सवारी साधन चलाउँदा पेटी नै भत्किने अवस्थामा पुगेको छ।

सम्बन्धित ठेकेदारले दुईपटकसम्म मरम्मत गर्दा पनि समस्याको समाधान भएको छैन। सडकपेटीमा गिट्टी, बालुवा, ईंट, कबाडी सामान, बिग्रेका गाडीहरू जथाभावी राख्दा सडक बिग्रनुका साथै दुर्घटना समेत हुने गरेको छ।

कारण सडकको ५० प्रतिशत भाग अतिक्रमित छ। महानगर तथा जिल्ला ट्राफिक कार्यालय, पर्साले पटकपटक चेतावनी दिंदा पनि अतिक्रमण नहटाएपछि सामान जफत गर्ने अभियान महानगरले शुरू गरेको महानगरका सरसफाइ शाखा प्रमुख सरफुद्दिन अंसारीले बताए।

भत्केको नाला वा स्ल्याब तथा फूटपाथ, जुन पसल एवं गोदाम अगाडि भत्केको छ उसैलाई मरम्मत गराउने गरी दण्डित गर्ने महानगरको कारबाई प्रक्रिया रहेको शाखा प्रमुख अंसारीले बताएका छन्।

## वीरगंज–पथलैया व्यापारिक मार्गको काम ७८ प्रतिशत मात्रै सम्पन्न

गम्भीरा सहनी, जीतपुर ९ साउन/

वीरगंज–पथलैया व्यापारिक मार्गको भौतिक प्रगति हालसम्म ७८ प्रतिशत मात्रै छ। कोरोना महामारीले तथा निषेधाज्ञाले गर्दा जनशक्ति, साधन–स्रोतको अभाव रहेको सडक निर्माणमा विलम्ब भएको निर्माण कम्पनीको भनाइ छ।

निर्माण सम्पन्न गर्नुपर्ने म्याद पटक–पटक थपिए पनि पछिल्लोपटक थपेको म्याद सक्न लागेपछि फेरि छ महीना म्याद थप्ने तयारी भइरहेको व्यापारिक मार्ग विस्तार योजना, वीरगंज–पथलैया सडक परियोजना कार्यालय पथलैयाका सूचना अधिकारी इ. सम्पतलाल दासले बताए।

२०७३ असार २९ गतेदेखि चालू यो मार्गको निर्माण काम २०७८ असार मसान्तसम्म ७८ प्रतिशत मात्र सम्पन्न भएको छ। दुई वर्षमा निर्माण सम्पन्न गर्नुपर्ने निर्माण कम्पनीसँग सम्झौता भएको थियो। पथलैयादेखि सुक्खा बन्दरगाह, वीरगंजसम्म ३१ किलोमिटर सडक कालोपत्र गर्नुपनेमा ७८ प्रतिशत मात्र काम सकिएको हो।

सडक निर्माणका लागि सातवटा खण्डमा विभाजित गरी निर्माण कम्पनीले ठेक्का सकार गरेका छन्। जसमा परवानीपुरदेखि गण्डक नहरसम्म ३.९२ किलोमिटर ६० प्रतिशत काम भएको छ। गण्डक नहरदेखि हरपतगंज सुक्खा बन्दरगाहसम्म ३.५० किमिमा ८३ प्रतिशत र हरपतगंज चोकदेखि सुक्खा बन्दरगाहसम्म ३.५० किलोमिटरमा ५६ प्रतिशत मात्रै काम भएको छ।

यसैगरी पथलैया चोकदेखि सूर्य नेपाल सिमरासम्म ४.५६ किलोमिटरमा ९४ प्रतिशत काम भएको छ भने सूर्य नेपाल सिमरादेखि सैनिक क्याम्प जीतपुरसम्म


वीरगंज–पथलैया सडकखण्ड अन्तर्गत परवानीपुरको दृश्य। तस्वर: फाइल/प्रतीक


इ. सम्पतलाल दास

५.८० किलोमिटरमा ५१ प्रतिशत मात्रै काम भएको छ। सैनिक क्याम्प जीतपुरदेखि परवानीपुरसम्म ५.१६ किलोमिटर ८० प्रतिशत, परवानीपुरदेखि गण्डक चोक ४.२४ किलोमिटरमा ८६ प्रतिशत काम सम्पन्न भएको सडक परियोजनाको कार्यालयले जनाएको छ।

निर्माणाधीन वीरगंज–पथलैया ६ लेन सडक अन्तर्गत पर्ने पुलहरूमध्ये जीतपुरस्थित लालका पुलको काम ८८ प्रतिशत सकिएको छ। त्यसैगरी परवानीपुरस्थित श्रीसिया पुलको ८४ प्रतिशत, परवानीपुर–सुक्खा बन्दरगाह मार्गमा पर्ने श्रीसिया खोला पुलको ८२ प्रतिशत निर्माण काम पूरा भएको सूचना अधिकारी दासले प्रतीकलाई बताए।

## सञ्चारकर्मीलाई धम्की दिने व्यक्ति प्रहरीको फन्दामा

प्रस, वीरगंज, ९ साउन/

समाचारको विषयलाई लिएर सञ्चारकर्मीलाई धाकधम्की तथा गाली गलौज गर्ने एकजनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा जीराभवानी गाउँपालिका–१ स्थित पवित्रा आयल सेन्टरका प्रतिनिधि सञ्जय यादव हुन्।

घटनाको भिडियो क्लिप र उजूरीको आधारमा इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक रामकाजी थापाको नेतृत्वमा खटेको टोलीले पेट्रोल पम्पबाटै यादवलाई नियन्त्रणमा लिएको हो। घटनाको अनुसन्धानका लागि यादवलाई नियन्त्रणमा लिएको प्रनि थापाले बताएका छन।

साउन ३ गते प्रतीक दैनिकमा 'ग्रामीण भेगमा इन्धन तस्करी' शीर्षकको समाचार प्रकाशित भएको थियो। सोही समाचारका कारण प्रतीक दैनिकका ग्रामीण संवाददाता ओमप्रकाश चौधरीलाई यादवलले गालीगलौज गरेका थिए। गत बिहीवार मोटरसाइकलमा पेट्रोल भराउन पम्पमा पुगेका चौधरीलाई पेट्रोल नदिई धम्की दिंदै यादवले गाली गलोज गरेका थिए।

प्राप्त सबुत प्रमाण अनुसार दोषी माथि हदैसम्मको कारबाई हुने प्रहरी अधिकारीले बताएका छन्।

वर्षातको समयमा अधिक वर्षाको कारण डुबान तथा पानीजन्य प्रकोपको सम्भावनाहरू बढी हुनसक्दछस त्यसैले डुबान हुने क्षेत्रहरूमा पानीको बहाव निकास हुने प्रणाली (नाली, पाइप) चालू अवस्थामा राखौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com



**विचारसार र सूक्तिहरू**

**उन्नतिको मूल मन्त्र हो– आत्मसंयम । उन्नतिको अर्थ हो– आत्मज्ञान ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# व्यापार बन्दै धर्म

यस दुनियाँमा धर्मको नाममा धेरै थोक बिक्री हुन्छ र यसको खरीदारको पनि कमी छैन। धर्मको नाममा व्यक्तिको बिजनेश–व्यापार निकै फलफुल्दैछ। यस्ता अनेकौं व्यक्ति धर्मको नाममा आफ्नो अमिरी देखाउँछन् । जोसँग गरीब व्यक्तिको मदतको लागि पैसा छैन, तिनीहरू नै मन्दिरमा गएर बडो शानका साथ करोडौंको दान सहजै गरिदिन्छन्। धर्मको प्रचारप्रसार गर्नमा अब टिभी च्यानलहरू पनि कुनै प्रकारले पछाडि छैनन् । यसको सुरुआत भलै पहिले दुई/चार च्यानलबाट भयो तर अब स्थिति यस्तो छ कि यी धार्मिक च्यानलको सङ्ख्या लगातार बढिरहेको छ ।

धर्मको प्रचारप्रसार गर्ने सन्तहरू पनि अब आफ्नो प्रवचनको राम्रै शुल्क लिन्छन्। पहिले यो सङ्ख्या हजारौं रुपैयाँमा थियो, तर अब यो शुल्क लाखौं रुपैयाँ प्रतिमहीनासम्म पुगिसकेको छ । जति राम्रो प्रवचन शैली, त्यत्तिकै राम्रो शुल्क। जो आयोजकले उनीहरूलाई पूरै शुल्क दिन सक्दैन, उनीहरू शानदार प्रवचनको आयोजन पनि गर्न सक्दैन ।

आज हाम्रो समाजमा ठाउँ–ठाउँमा परिवर्तन देख्न पाइन्छ, हरेक कुरामा खुलापन आजको एउटा फेशन बनिसकेको छ, तर व्यक्तिमा धर्मसँग जुडिएका आस्थाप्रति कुनै बदलाव आएको छैन र यही कारण हो कि आज दुनियाँको बजार धर्मको हाइटेक पसलमा सजिएको छ ।

टिभी जुन आजको दुनियाँको सबैभन्दा सशक्त सञ्चारमाध्यम हो, त्यहाँ प्राइम टाइममा प्रचवनको लागि समयको लीलामीबाट च्यानलहरूले धेरै कमाइ गरिरहेका छन् । यस प्राइम टाइममा प्रवचन दिने गुरुको लोकप्रियता पनि निकै बढ्छ, जसबाट उनीहरूको समर्थक पनि बढ्छन् र साथै आर्थिक समृद्धि पनि ।

चाडपर्वमा धर्मको हाइटेक पसलको शान–बान र सजावट हेर्न सकिन्छ। सुन्दर र शानदार पण्डाल सजाउनमा र सुख–सुविधा जुटाउनमा नै लाखौं रुपैयाँ खर्च गरिन्छ र यसमा पनि आपसी प्रतिस्पर्धा हुन्छ ।

धर्मको नाममा आज ज्योतिषसम्बन्धी व्यापार पनि निकै सप्रिंदैछ । जुन मानिसहरू आफ्नो जीवनमा निकै प्रकारका दुःखसँग लडिरहेका छन्, उनीहरू ज्योतिषीको शरणमा पुग्छन्, ताकि ग्रह–नक्षत्रसँग सम्बन्धित उपाय गरेर उनीहरू आनन्दको जीवन जिउन सकून् र ज्योतिषसम्बन्धी व्यापार गर्नेहरू पनि मानिसको पीडा र दुःखलाई राम्ररी भजाउँछन् र यसबाट आफ्नो राम्रो कमाइ गर्छन् ।

कसरी सुख–समृद्धि व्यक्तिका घर–ढोकासम्म पुगेर ढकढकाउँछन् ? यसको लागि 'गुडलक' ल्याउने वस्तुहरूले आज पसल सजाइएका छन् । बजारमा स्टोन, फेंगशुई, वास्तुसँग सम्बन्धित वस्तुहरूको थुप्रो लागेको छ । आध्यात्मिक भाव जगाउने फर्निचर, ऊर्जादायक मैनबत्ती, विभिन्न धातुका मूर्ति र आध्यात्मिक आभूषणका आज शहर ठूल्ठूला शोरूम छन्। यसरी धार्मिक भावनाको दोहनको आज हाम्रो समाजमा पूरै व्यवस्था छ ।

**यो निकै सरल बुझ्ने कुरा हो कि जीवनमा अहङ्कार र स्वार्थ जति घनीभूत हुन्छ, त्यत्तिकै हामी धर्मको विपरीत हुन्छौं । अहङ्कार, स्वार्थ जति क्षीण हुन्छ, जति तिरोहित हुन्छ, उत्तिकै हामी धर्मको अनुकूल हुन्छौं । आजको यस समयमा जब धर्म व्यापार बन्दै गइरहेको देखिन्छ, हामीले धर्मको यसै मर्मलाई स्मरण गर्न आवश्यक छ ।**

धर्मसँग जोडिने साधनहरू नयाँ जमानाका प्रविधि, उन्नतिका साथसाथै बढिरहेका छन् । जति उन्नत प्रविधि हुन्छ, धर्मको प्रचारप्रसार गर्न र यससँग जोडिने साधन पनि त्यत्तिकै उन्नत हुन्छन्, तर यी सबैका कारण आज मनुष्य जीवनमा वास्तविक धर्म कतै पछाडि छुटेको छ ।

आज धर्मको नाममा प्रदर्शन धेरै छ तर व्यक्तिको आन्तरिक जीवनमा धर्म ओर्लिएको छैन । श्रीरामचरितमानसमा धर्मको सम्बन्धमा केही चौपाइ छन्, जस्तै– **परम धर्म श्रुति बिदित अहिंसा** अर्थात् अहिंसा नै सर्वश्रेष्ठ धर्म हो, **सेवा धर्म सकल जग जाना** अर्थात् मनुष्यको भित्र प्राणी मात्रको सेवा र कल्याणको भावना नै सक्कली धर्म हो । **पर हित सरिस धर्म नहिं भाई** अर्थात् परोपकार र दया भाव नै धर्मको सर्वोच्च स्थिति हो, **धरमु न दूसर सत्य समाना । आगम निगम पुरान बखाना ॥** अर्थात् पुराणमा यसको महिमा गाइएको छ कि धर्म नै सत्यको स्वरूप हो ।

वास्तवमा धर्म के हो, जीवनमा यसको आधार के छ तथा यसको सार के छ, यसको सरल उत्तर हो– धर्मको आधार संवेदना हो, यसमा दुःख, पीडालाई महसूस गर्ने ताकत हुन्छ । जीवनमा हामी आफ्नो दुःखको बयान त गर्छौं तर अन्यको दुःखलाई अनुभव गर्न सक्दैनौं, त्यसलाई महसूस गर्न सक्दैनौं; जबकि धर्मले अन्यको दुःखलाई अनुभव गर्ने, महसूस गर्ने ताकत दिन्छ ।

धर्मका सबै कुरा, सबै सूत्र संवेदनाका धागोमा गाँसिएका हुन्छन्। संवेदना धर्मको आधार हो र यस संवेदनाबाट धर्मलाई पोषित गर्ने तत्त्व उब्जिन्छ, संवेदनाबाट प्रेम, करुणा, दया हुर्किन्छ, यसैबाट नीति पैदा हुन्छ । संवेदना एक प्रकारले शुद्ध भावना हो, प्रेमपूर्ण भावना हो ।

आज वर्तमान समाजको स्थिति हेर्दा समाजमा धर्मको कुरा भनिएको छ, कथा–कहानीमा त धर्मका बारेमा भनिएको छ तर ती कथा–कहानीको बीचमा संवेदनाको शून्यता आएको छ। यानी कथामा संवेदना छैन । जीवनमा यति संवेदना छैन भने सबैथोक आडम्बर हुन्छ। यस प्रकार आज हाम्रो समाजमा धर्मको आडम्बर फैलिएको छ ।

आडम्बर बाहिरी दिखावा हो, जसको आन्तरिकतासँग कुनै लेनदेन छैन। जसरी हाम्रो समाजमा विभिन्न प्रकारका वस्त्र लगाउनको लागि प्रयोग गरिन्छ र ती वस्त्रबाट व्यक्तिको पहिचान हुन्छ। यदि वस्त्र र अनुहारको मेकअप बदलिन्छौं भने व्यक्तिको बारेमा यो पहिचान गर्न गाह्रो हुन्छ कि त्यो कुन जाति–धर्मको हो। त्यसै प्रकारले हाम्रो समाजमा आज मानिसहरूले विभिन्न प्रकारका धर्मरूपी वस्त्र ओढेका छन्, यो धर्मको नाममा विवाद गर्छन्, दङ्गा गर्छन्, आतङ्क फैलाउँछन् तर धर्मको मूल मर्मलाई बिलकुलै जान्दैनन् ।

जुन दिन व्यक्तिले साँचो अर्थमा धर्मको मूल मर्मलाई बुझ्छ, त्यस दिन ऊ आध्यात्मिक जीवनतर्फ उन्मुख हुन्छ । धर्मको आचरण गर्नु आफैंमा एक प्रकारको तप हो। श्रीरामचरितमानसमा गोस्वामीले भनेका थिए–

**सिबि दधीच हरिचन्द नरेसा ।**
**सहे धरम हित कोटि कलेसा ॥**

अर्थात् शिवि, दधीच, हरिश्चन्द आदिले आफ्नो जीवनमा धर्मको पालन गर्नको लागि अनेकौं प्रकारका कष्ट सहे, धर्मको लागि आफ्नो जीवनको बलिदानसम्म दिए, जबकि आज व्यक्ति आफ्नो स्वार्थको लागि धर्मको बलिदान गर्नमा, धर्मको परित्याग गर्नमा सङ्कोच मान्दैनन् ।

धर्मको लक्षण पुराणमा, शास्त्रमा बताइएको छ कि धर्मद्वारा कसरी हामी आफ्नो जीवनलाई, आफ्नो व्यक्तित्वलाई व्यापक बनाउन सक्छौं, कसरी हामी आफ्नो संवेदनाको विकास गर्न सक्छौं, कसरी हामी सहिष्णुताको विकास गर्न सक्छौं, कसरी हामी शुभ कर्ममा प्रवृत्त हुन सक्छौं; किनभने शुभ कर्ममा हामी जति बढी प्रवृत्त हुन्छौं, हाम्रो व्यक्तित्व त्यत्तिकै बढी व्यापक बन्छ ।

यो निकै सरल बुझ्ने कुरा हो कि जीवनमा अहङ्कार र स्वार्थ जति घनीभूत हुन्छ, त्यत्तिकै हामी धर्मको विपरीत हुन्छौं। अहङ्कार, स्वार्थ जति क्षीण हुन्छ, जति तिरोहित हुन्छ, उत्तिकै हामी धर्मको अनुकूल हुन्छौं । आजको यस समयमा जब धर्म व्यापार बन्दै गइरहेको देखिन्छ, हामीले धर्मको यसै मर्मलाई स्मरण गर्न आवश्यक छ ।

# खुकुलो निषेधाज्ञामा कडा लापरवाही

समयान्तर



ओमप्रकाश खनाल

omkhanal@gmail.com

कोरोना सङ्क्रमण नियन्त्रणका लागि लगाइएको निषेधाज्ञा हटाइएसँगै सङ्क्रमण र मृतकको सङ्ख्या बढ्न थालेको छ। कोरोना महामारीबाट अर्थ–सामाजिक दैनिकीमा पारेको असरलाई घटाउन निषेधाज्ञा खुकुलो बनाउन जति आवश्यक छ, त्यति नै दैनिकी चलायमान हुँदा सतर्कताको पनि खाँचो छ ।

हामीले २०७६ चैत ११ गतेयता सरकारले पटकपटक लगाएका बन्दाबन्दी र निषेधाज्ञा हेर्‍यौं, सरकारले यस्ता उपायलाई कोरोना सङ्क्रमण फैलिनबाट रोक्ने उपायको रूपमा लिए पनि उपचारका पूर्वाधारमा अपेक्षित काम गरेको देखिएन । परिणाम, कोरोनाको दोस्रो लहरमा मानिसले अस्पतालमा शय्या र अक्सिजन नपाएर ज्यान गुमाउने अवस्था आयो ।

पहिलोपटक कोरोना महामारी नयाँ थियो, सबैतिर अन्योल धेरै थियो। हाम्रो सरकारले त्यति बेला पनि तयारीको लागि पर्याप्त समय नपाएको भने होइन, तर गरेन । सत्ता सञ्चालकले हामीकहाँ कोरोना नै आउँदैन जस्तो गर्‍यो । कोरोनालाई हलुकारूपमा लियो। दोस्रो लहरबाट अकल्पनीय क्षति पुर्‍याउन थालेपछि बल्ल सरकारले असावधानी भएको स्वीकार गर्‍यो ।

कम्तीमा पहिलो लहरमा देखिएको कमजोरी र त्यसबाट सिकिएका पाठलाई बेवास्ता नगरिएको भए दोस्रो लहरमा यति क्षति बेहोर्नुपर्ने थिएन। कोरोनाको पहिलो लहरमा अस्पतालमा पर्याप्त शय्या, अक्सिजन, भेन्टिलेटरको व्यवस्था, सीमानाकामा कडाइ, क्वारेन्टाइन, व्यापक परीक्षणजस्ता कुराहरू सन्दर्भ सिकाइहरू हुन सक्दथे ।

दोस्रो लहरमा यी कुराहरूमा पूरै बेवास्ता गरियो। अझ कतिपय सरोकार त व्यापारीकरण नै भयो । सरकारले अक्सिजनसहितका पर्याप्त शय्याको व्यवस्था मिलाउनुपर्ने थियो । फितलो सरकारी तयारीले गर्दा निजी अस्पतालहरूले कमाउने मौका पाए । सीमानाकामा कडाइको कुरा मात्रै भयो, न नाकामा होल्डिङ सेन्टरको व्यवस्था नै भयो ।

कोरोनाको परीक्षणमा पनि व्यापक व्यापारीकरण भयो। निजी क्षेत्रले सेवा दिनु राम्रो कुरा हो । आर्थिक क्षमता हुनेहरूले महँगो अस्पतालमा उपचार गराउन सक्छन्। सरकारको लाचारीका कारण गरीबहरू निजी अस्पतालमा लाखौं रुपैयाँको बील भुक्तानी गर्न बाध्य हुनु भनेको विडम्बना हो ।

सरकार मात्र होइन, कोरोना महामारी र यसले पुर्‍याएको क्षतिबाट पाठ सिक्ने मामिलामा सर्वसाधारणबाट पनि चरम लापरवाही भइराखेको छ । अहिले दैनिकी असहज नहोओस् भनेर निषेधाज्ञा खुकुलो पारिएको मात्र हो । कोरोना हारिसकेको होइन। दैनिक २५–३० जनाको ज्यान गइराखेको छ । ३ हजारको हाराहारीमा सङ्क्रमण देखिएको छ। यो सङ्ख्या पछिल्ला केही दिनयता उकालो लागिराखेको छ । कोरोना निमिट्यान्न भएजस्तै स्वास्थ्य सतर्कतामा जुन खालको लापरवाही भइराखेको छ, यो सङ्क्रमण फैलिनुको अर्को कडी हो।

अहिले बजारमा हेर्ने हो भने अधिकांश मानिसको मुखमा मास्क देखिंदैन। भौतिक दूरी, हात धुनेजस्ता सतर्कताको कुरै छाडौं, सभा, सम्मेलन, प्रदर्शन, विवाह उत्सवजस्ता गतिविधि रोकिएका छैनन्। यस्ता उपक्रमहरूमा न्यूनतम सतर्कतासमेत पालना भएको देखिंदैन ।

आर्थिक सरोकारलाई हेर्ने हो भने निषेधाज्ञा खुकुलो बन्दै गए पनि यसको असर मत्थर भइसकेको छैन। आन्तरिक र वैदेशिक लगानी खुम्चिएका छन् । उत्पादन, बजार र मागको शृङ्खला बिथोलिएको छ । सार्वजनिक ऋणको परिमाण बढेको छ। खाद्यान्न उत्पादनमा आउने कमी, बढ्दो बेरोजगारीले आपूर्ति प्रणाली नै बिथोलिने सम्भावना टरेको छैन ।

आम दैनिकीमा नियन्त्रण हटाइएको अहिलेको अवस्थामा जनता आफैंले आफ्नो सुरक्षामा सतर्कता अपनाउनुपर्दछ। नियन्त्रण केही खुकुलो हुना साथै विगतका असहजतालाई बिर्सिएर लापरवाही नै अपनाउने हो भने सङ्कटलाई निम्तो दिनुबाहेक अन्य केही होइन । सरोकारका सबैले आआफ्नो जिम्मेवारी बुझ्ने र त्यसलाई कार्यान्वयनमा इमानदार हुने हो भने मात्रै आर्थिक र सामाजिक जीवनका असहजतालाई सामान्य लयमा फर्काउन सम्भव हुनेछ ।

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)ले अझै डेढ/दुई वर्षसम्म कोरोनामाथि पूर्ण नियन्त्रण सम्भव नहुने बताइसकेको छ । कोरोना भाइरसका बदलिएका भेरियन्टहरूले विज्ञहरूको यो अनुमानलाई सत्य साबित गरिराखेका छन् । दोस्रो लहर राम्ररी मत्थर नभइसक्दा पुनः तेस्रो लहरको जोखिम बढेको छ । स्वास्थ्य मन्त्रालयले पनि यसमा चिन्ता मात्र जाहेर गरेको छैन, चेतावनी दिइराखेको अवस्था छ । सर्वसाधारणलाई स्वास्थ्य सतर्कताका उपायहरूमा सावधानी अपनाउन आग्रह गरिएको छ ।

अब कोरोनासँगै दैनिकीलाई अभ्यस्त बनाउनुको अरू सहज बाटो छैन। कोरोना केही होइन, यसको मतलब केही गर्नुहुँदैन भन्ने चाहिं होइन। कोरोनाविरुद्ध पर्याप्त सावधानी अपनाएर दिनचर्यालाई गति दिनै पर्दछ । सुरक्षा सतर्कता अपनाएर दैनिकी परिचालन गरिनुपर्दछ ।

दैनिकी खुकुलो भएकाले अबका दिनमा सङ्क्रमण अझ बढ्ने जोखिम पनि छ । यस्तोमा सतर्कता अझ बढाइनुपर्दछ। कोरोनाविरुद्ध सतर्कताबारे बुझेको विषयलाई दैनिकीमा अनुसरण गरेर अघि बढ्ने हो भने आर्थिक र सामाजिक दिनचर्या लयमा फर्किन नसक्ने होइन ।

महामारी फैलिंदा सरकारले जनतालाई कतिको साथ दिंदो रहेछ र सरकारी संयन्त्रको प्रभावकारिता कस्तो रहेछ भन्ने त कोरोनाका दुई लहरले प्रस्ट पारेकै छ । आफ्नो स्वास्थ्यप्रति जनता आफैं सचेत हुनु र सतर्कता अपनाउनु उत्तम उपाय हो ।

अब जीवनशैलीलाई रूपान्तरण गर्नुको अन्य सहज विकल्प उपलब्ध छैन। प्रत्येक कार्यस्थलमा भौतिक दूरी, मास्क, सेनिटाइजरजस्ता सुरक्षाका उपाय अपनाउनुपर्दछ। सरकारको ध्यान खोपको सहज उपलब्धतामा केन्द्रित हुनुपर्दछ । सबैलाई कोरोनाविरुद्धको खोप उपलब्ध गराएर प्रतिरोधी क्षमता बढाउने र सतर्कता अपनाउँदै दैनिकीलाई अघि बढाउनु नै निकासको सहज उपाय हो ।

निकै राजनीतिक रस्साकस्सी र कानूनी दाउपेचपछि नयाँ सरकार बनेको छ । यो सरकारले कोरोनाविरुद्धको खोपलाई प्राथमिकतामा राखेको देखिएको छ । पछिल्लो समयमा भित्रिइरहेको खोपको परिमाण पर्याप्त नभए पनि जुन सक्रियता देखिएको छ, यसले आशावादी बनाएको छ। अब अनुदानका खोप मात्र आस नगरेर खरीद प्रक्रियालाई पनि अघि बढाउनुपर्दछ ।

नेपालमा अहिलेसम्म १२ लाख ८१ हजार २४० जनाले कोरोनाविरुद्धको पूर्ण खोप पाएका छन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पहिलो मात्रा लगाउनेको सङ्ख्या ३३ लाख ८ हजार ७३० पुगेको छ । कोभिशिल्डको पहिलो मात्रा १८ लाख २८ हजार ४८४ जनाले लगाएका छन् । ४ लाख ६० हजार ३०८ जनाले दोस्रो मात्रा लगाएका छन्। १४ लाख ८० हजार २४६ जनाले भेरोसेलको पहिलो मात्रा र ६ लाख ८२ हजार ७९० जनाले दोस्रो मात्रा लगाइसकेका छन्। अहिलेसम्म १ लाख ३८ हजार १४२ जनाले जोन्सन एन्ड जोन्सनको खोप लगाएको तथ्याङ्क मन्त्रालयसित छ ।

भारतको सेरम इन्स्टिच्युटसँग २० लाख मात्रा र चीनको सिनोफार्मसँग ४० लाख मात्रा खोप खरीदका लागि सम्झौता भइसकेको छ। यो महीनाभित्रै ३२ लाख मात्रा खोप भित्र्याउने तयारी सरकारको छ । सेरमले भुक्तानी लिइसकेको १० लाख मात्रा खोप उपलब्ध गराउन बाँकी छ। सरकारले यो १० लाख मात्रा खोप ल्याउन भारतसित प्रभावकारी तरीकाले पहल अघि बढाउनुपर्दछ ।

भारतमा अहिले कोरोनाको कहर केही मत्थर भएकाले पनि तत्काल पहल थाल्ने हो भने आपूर्ति हुन सक्छ । ढिलाइ भयो भने पुनः सम्भावित तेस्रो लहरको चपेटमा खोप आपूर्ति अवरुद्ध हुन सक्छ। सरकारले सबै नागरिकलाई निश्शुल्क खोप दिने भनेको छ, यो सकारात्मक कुरा हो । निश्शुल्क दिने नाममा ढिलाइ गर्नु भनेको स्वास्थ्यमा जोखिम मोल्नु र अर्थ–सामाजिक दिनचर्यालाई पछि धकेल्नु पनि हो। यस कारण निजी क्षेत्रलाई खोप आयातमा सहभागी गराएर सरकारले निश्शुल्क खोप अभियानलाई अघि बढाउने हो भने सहज हुन्छ । सक्नेले किनेरै भएपनि लगाउँछन्, यसो हुँदा सरकारलाई आर्थिक स्रोतको भार पनि कम हुनेछ ।

**सरकारले सबै नागरिकलाई निश्शुल्क खोप दिने भनेको छ, यो सकारात्मक कुरा हो । निश्शुल्क दिने नाममा ढिलाइ गर्नु भनेको स्वास्थ्यमा जोखिम मोल्नु र अर्थ–सामाजिक दिनचर्यालाई पछि धकेल्नु पनि हो । यस कारण निजी क्षेत्रलाई खोप आयातमा सहभागी गराएर सरकारले निश्शुल्क खोप अभियानलाई अघि बढाउने हो भने सहज हुन्छ ।**

# एक दशकमा पाँच हजार परिवारलाई पक्की भवन

प्रस, सिरहा, ९ साउन/

बितेको एक दशकमा सिरहा र सप्तरीका करीब पाँच हजार दलित तथा विपन्न परिवारले पक्की भवन पाएका छन् । जनता आवास कार्यक्रम अन्तर्गत उनीहरूले भवन पाएका हुन् ।

कार्यक्रम अन्तर्गत आर्थिक ०६६–०६७ देखि ०७७–०७८ सम्म सिरहाका २,३७७ र सप्तरीका २,५८६ गरी दुवै जिल्लाका चार हजार ९६३ दलित तथा विपन्न परिवारले पक्की आवास भवन पाएका छन् ।

सङ्घीय सरकारको बजेटबाट आव २०७६–०७७ मा मात्र सिरहाका २०० र सप्तरीका २८५ दलित विपन्न परिवारलाई पक्की आवास निर्माण गरी हस्तान्तरण गरिएको थियो । शहरी विकास तथा भवन कार्यालय राजविराजका प्रमुख कृष्णदेव झाका अनुसार सिरहामा ३१५ आवास भवन बनाउने योजना रहेकोमा २०० भवन निर्माण सम्पन्न भएर हस्तान्तरण भइसकेको छ। त्यसैगरी सप्तरीमा ५०३ आवास भवन निर्माण गर्नुपर्नेमा २८५ भवन निर्माण सम्पन्न भइसकेको छ । दुवै जिल्लामा गरी ३३३ वटा भवन निर्माणाधीन अवस्थामा छ ।

आर्थिक वर्ष ०७७–०७८ मा सिरहाको औरही गाउँपालिकामा ५०० आवास भवनबाहेक अन्य ठाउँमा भवन थपिएको छैन। बजेट अभावको कारण सिरहाको औरही–१ देखि ५ सम्म ५०० वटा आवास भवन बनाउन सम्झौता भएर निर्माण कार्य शुरू भएको र त्यसबाहेक सिरहा र सप्तरीमा कुनै आवास भवन बनाउने योजना नआएको प्रमुख झाले बताए ।

बरन्डासहित दुई कोठे पक्की भवनका

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## टोकियो ओलम्पिकमा दक्षिण कोरियालाई पहिलो स्वर्ण

टोकियो, ९ साउन/सिन्ह्वा

जापानको राजधानी टोकियोमा भइरहेको ओलम्पिक प्रतियोगितामा दक्षिण कोरियाले पहिलो स्वर्ण पदक जितेको छ।

शनिवार भएको आर्चरी प्रतियोगितामा अनसान र किम जे डोकले नेदरल्यान्डका प्रतिस्पर्धीलाई पछाडि पार्दै स्वर्ण पदक जितेका हुन्।

प्रतियोगितामा ५–३ को अन्तरले दक्षिण कोरियाको जीत भएको हो। नेदरल्यान्डले रजत पदक प्राप्त गरेको छ भने मेक्सिकोले कास्य पदक जितेको छ। रासस


स्वर्ण पदक प्राप्त गरेपछि किम जे डोक। तस्वीरः रायटर्स

## भारतमा थप ३९ हजार नयाँ सङ्क्रमित थपिए

नयाँ दिल्ली, ९ साउन/एएनआई

भारतमा कोरोना भाइरसबाट थप ३९ हजार ९७ जना सङ्क्रमित भएका छन्। योसँगै भारतमा अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या तीन करोड १३ लाख ३२ हजार १५९ पुगेको अधिकारीले जनाएका छन्।


भारतको कोरोना सङ्क्रमण अवस्थाबारे जानकारी गराउँदै। तस्वीरः एजेन्सी

कुल सङ्क्रमितमध्ये अहिले चार लाख आठ हजार ९७७ जना सङ्क्रमित अवस्थामैं रहेको सङ्घीय स्वास्थ्य मन्त्रालयले जनाएको छ। यो सङ्ख्या कुल सङ्क्रमितमध्येको १.३१ प्रतिशत भएको पनि मन्त्रालयले जानकारी दिएको छ। भारतमा कोरोना भाइरसबाट सङ्क्रमित भएकामध्ये चार लाख २० हजार १६ जनाको मृत्यु भएको छ। तीमध्ये ५४६ जना पछिल्लो एक दिनमा थपिएका हुन्।

पछिल्लो २४ घण्टामा कुल ३५ हजार ८७ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। यो अवधिमा नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या कम देखिएकाले अघिल्लो दिनको तुलनामा सङ्क्रमित अवस्थामैं रहेकाको सङ्ख्या बढेको छ।

भारतमा अहिले कोरोना भाइरसबाट सङ्क्रमित भएर पनि सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या तीन करोड पाँच लाख तीन हजार १६६ पुगेको छ।

सरकारी अधिकारीका अनुसार भारतमा ४४.४५ करोड स्वाब परीक्षण गरिएको छ भने ४२ लाख ७८ हजारभन्दा बढीलाई कोरोना भाइरसविरुद्धको खोप लगाइएको छ। रासस

## ब्रजीलमा झन् बढ्यो कोरोना प्रकोप, एकै दिन एक लाखभन्दा बढी सङ्क्रमित

साओ पाओलो, ९ साउन/सिन्ह्वा

ब्राजिलमा कोभिड–१९ को सङ्क्रमण पछिल्लो समयमा झनै बढेको पाइएको छ।

ब्रजीलका स्वास्थ्य अधिकारीले दिएको जानकारी अनुसार यहाँ गएको २४ घण्टामा नै एक लाखभन्दा पनि बढी मानिस सङ्क्रमित भएका छन्।

यहाँ विगतका केही दिनमा एकै दिनमा दुई हजारभन्दा बढीको ज्यान गएको स्वास्थ्य अधिकारीले जानकारी दिएका थिए। हाल मृत्यु हुनेको सङ्ख्या त घटेको छ तर सङ्क्रमित भने झनै बढेका छन्।

यहाँ शुक्रवार अघिल्लो २४ घण्टामा कोरोना भाइरस सङ्क्रमणबाट कम्तीमा पनि एक लाख आठ हजारजना मानिस सङ्क्रमित भएका छन्।

योसँगै ब्रजीलमा कोरोना भाइरसको प्रकोपबाट सङ्क्रमित हुनेको सङ्ख्या एक करोड ९६ लाख पुगेको छ। जसका कारण यहाँको जनजीवन पनि निकै प्रभावित भएको देखिएको छ।

त्यसैगरी, गएको २४ घण्टामा यहाँ यो सङ्क्रमणबाट एक हजार ३२४ जनाको ज्यान गएको छ। यो सङ्क्रमणबाट अहिलेसम्म ब्रजीलमा पाँच लाखभन्दा बढी मानिसको ज्यान गएको बताइएको छ।

ब्रजीलको स्वास्थ्य मन्त्रालयले दिएको जानकारीमा यहाँ पछिल्लो समयमा सङ्क्रमित हुनेको सङ्ख्या बढेको पाइएको छ। त्यसैगरी, मृत्यु हुनेको सङ्ख्या पनि केही हप्ताअघि घटेको देखिएकोमा अहिले बढेको छ।

ब्रजीलको साओ पाओलो शहर शुरूदेखि नै यो सङ्क्रमणको केन्द्रबिन्दुको रूपमा रहेको पनि पाइएको छ। ब्राजील कोरोना भाइरस सङ्क्रमणको कारण संयुक्त राज्य अमेरिकापछि सबैभन्दा बढी नागरिकको ज्यान जाने देशको रूपमा परेको छ। यहाँ अहिले पनि दैनिक कम्तीमा पनि एक हजारजनाको ज्यान जाने गरेको छ। रासस

### एक दशकमा....

लागि सरकारले प्रतिघर रु तीन लाख ३२ हजार ५०० बजेट छुट्याएको छ। यसका साथै घरसँगै शौचालय निर्माणका लागि थप रु १५ हजार विनियोजन गरिएको कार्यालय प्रमुख झाले जानकारी दिए।

दलित तथा अति विपन्न समुदायलाई आवास उपलब्ध गराउने नेपाल सरकारको योजना अनुसार आर्थिक वर्ष ०६६–०६७ देखि सिरहा, सप्तरीलगायत जिल्लामा जनता आवास कार्यक्रम सञ्चालन भइरहेको छ। सो कार्यक्रम आव ०७३–०७४ सम्म सङ्घीय सरकारको मातहत सञ्चालन हुँदै आएकोमा आर्थिक वर्ष ०७४–०७५ देखि प्रदेश सरकारको मातहत सञ्चालन भइरहेको छ।


## विपश्यना ध्यान शिविर सञ्चालन सम्बन्धि सूचना

यहि २०७८ श्रावण १८ गते देखि २९ गते सम्म (२०२१ अगस्त २ देखि १३) धम्म तराई बिपश्यना ध्यान केन्द्र बिरगंज परवानिपुरमा १० दिवशिय बिपश्यना ध्यान शिविर संचालन हुने भएकोले इच्छुक ब्यक्तिहरुले सम्पर्क राखी धर्मको लाभ लिनुहुन अनुरोध गरिन्छ।

स्थानः– **वीरगंज माहानगरपालिका वडा नं. २१ , परवानिपुर**

कार्यालय फोन नं.- **०५१–५२३१५२, ०५१–५२१८८४**

मो. नं.- **९८०४२४४५७६, ९८५५०२३४८५, ९८०२९२९९७९, ९८५५०२२२१४**

Email: **tarai@dhamma.org.np**, website : **www.dhamma.org.np**


## आजको राशिफल

| | |
|---|---|
| मेष – सफलता | वृष – रोगभय |
| मिथुन – व्यापारवृद्धि | कर्कट – शत्रुपराजय |
| सिंह – सुसमाचार | कन्या – भयचिन्ता |
| तुला – मित्रमिलन | वृश्चिक – अतिथिआगमन |
| धनु – सफलता | मकर – अन्नलाभ |
| कुम्भ – खर्चवृद्धि | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## वर्गीकृत विज्ञापन








# देउवा सरकार र हाम्रो परराष्ट्र सम्बन्ध

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**अनुभवी राजनीतिज्ञ देउवाले आफ्नो डेढ वर्षको कार्यकालमा देशलाई सही दिशा प्रदान गर्ने अपेक्षा गर्न सकिन्छ। उनले देशभित्र मात्रै होइन, नेपालको परराष्ट्र सम्बन्धलाई पनि नवीन आयाम दिने अपेक्षा गर्न सकिन्छ।**

वाम गठबन्धनमा आएको विभाजन तथा सत्ताधारी नेकपा एमालेभित्रको अन्तरकलहका कारण नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा अनपेक्षितरूपमा नै प्रधानमन्त्री बन्ने अवसर प्राप्त गरेका छन्। साढे तीन वर्षअघि झन्डै दुई तिहाइ बहुमतसहित सङ्घीय सरकारको नेतृत्व गर्ने अवसर प्राप्त गरेका वाम गठबन्धनका नेता केपी शर्मा ओली आफ्नो अहङ्कार, अदूरदर्शिता र अपरिपक्वताका कारण असफल हुन पुगे। अनुभवहीन, अवसरवादी एवं गलत सल्लाहकारहरूबाट घेरिएका नेता कहिल्यै सफलता हासिल गर्न सक्दैनन् भन्ने कुराको पुष्टि पनि ओली सरकारको असामयिक पतनबाट साबित भएको छ। नेपाली जनताले त आफ्नो पूर्ण समर्थन, सहयोग एवं समर्थन दिएर नै उनलाई प्रधानमन्त्रीको कुर्सीसम्म पुऱ्याएको थियो तर त्यहाँ टिकिरहनुमा स्वयम् ओलीकै कार्य, अनुभव र योग्यता काम आउन सक्दथ्यो। प्रधानमन्त्री शेरबहादुर देउवा चार वर्षमैं दोस्रोपटक प्रधानमन्त्री बन्ने अवसर प्राप्त गरेका छन्। नेपालको सात दशक लामो राजनीतिक इतिहासमा पाँचौंपटक प्रधानमन्त्री बन्ने अवसर प्राप्त गर्ने केही सीमित भाग्यमानी नेताको फेहरिस्तमा उनको नाम अग्रस्थानमा छ। देशका जल्दाबल्दा समस्याको समाधान गर्नुका साथै दक्षिणी छिमेकी भारत, उत्तरी छिमेकी चीन र अमेरिकालगायतका देशहरूसित सुमधुर सम्बन्ध कायम राख्नु उनको महत्ती चुनौती हुनेछ। ओली सरकारले त उत्तरी छिमेकी चीनप्रति बढी सदाशयता देखाएको रूपमा परिभाषित गराएको थियो। ओली सरकारका कतिपय कार्य पनि सोही प्रकृतिका थिए तर नेपालजस्तो देशले आफ्नो राष्ट्रिय हितलाई सर्वोच्च प्राथमिकतामा राख्दै छिमेकी देशहरूसित सुमधुर सम्बन्ध कायम राख्नुको विकल्प छैन। दक्षिणी छिमेकी भारतसित हाम्रो परम्परागत बहुआयामिक सम्बन्ध रहिआएको छ र यसलाई निरन्तरता दिनु हाम्रो बाध्यता र आवश्यकता पनि हो। ओली सरकारले नेपालको परराष्ट्र नीतिलाई एकाकी बनाइदिएका थिए। हुनत वर्तमान सरकारको संरचनाले पनि समय–समयमा प्रधानमन्त्री देउवालाई परराष्ट्र नीतिको सवालमा समस्या उत्पन्न गराइरहने निश्चित छ। तथापि एक परिपक्व नेताका नाताले यस्ता समस्याहरूको समाधान गर्नमा उनी सहजरूपमा नै सफल हुने अपेक्षा गर्न सकिन्छ। परराष्ट्रनीति सञ्जालको आधार देश र जनता हुनुपर्दछ। देशको हितमा हुनुपर्दछ। निजी अथवा दलगत चाहना एवं विरोधका आधारमा परराष्ट्रनीतिको सञ्चालन हुन सक्दैन तर दुर्भाग्य नेपालका वामपन्थीहरूले यसैलाई आधार बनाइ परराष्ट्रनीति सञ्चालन गरेको देखियो। २०५१ सालमा गठित नेकपा एमालेको अल्पमतको सरकार, २०६५ सालमा माओवादीको सरकार र केपी शर्मा ओली नेतृत्वको सरकारको पालामा यस्तै नीतिले काम गरेको थियो। माधव नेपाल नेतृत्वको सरकारले अपेक्षाकृत सन्तुलित परराष्ट्रनीति सञ्चालन गरेको थियो। डा बाबुराम भट्टराई नेतृत्वको सरकारको परराष्ट्रनीति पनि प्रचण्ड सरकारभन्दा फरक थिएन। परराष्ट्रनीतिको सञ्चालन गर्दा बढी निराशा, उत्साह, दिखावापन अथवा अनावश्यक विरोध लाभदायक साबित हुँदैन।

कुनै एक छिमेकी राष्ट्रको पक्षमा खुलेर उभिनु र अर्को छिमेकी राष्ट्रको खुलेर विरोध गर्नु देशको हितमा हुन सक्दैन। आफ्नो भौगोलिक अवस्था अनुसार कूटनीति सञ्चालन गर्न र अवसरको उपयोग गर्न नसक्ने देशले प्रगति गर्न सक्दैन।

एउटा राजनीतिक दलको सम्बन्ध विश्वका जुनसुकै देशका राजनीतिक दलसित वा समान विचारधारा भएका राजनीतिक दलसित हुन सक्छ तर परराष्ट्र सम्बन्धको निर्धारण व्यक्ति अथवा दलको हितलाई ध्यानमा राखेर हुँदैन। त्यहाँ देश र जनताको हित सर्वोपरि हुनुपर्छ। विश्वका जति पनि सम्पन्न र शक्तिशाली राष्ट्रहरू छन्, तिनको परराष्ट्र सम्बन्ध व्यक्तिगत अथवा दलगत आधारमा निर्धारण भएको हुँदैन। जुन देशका शासक र राजनीतिक दलसित देशको आर्थिक विकास एवं समृद्धिका निम्ति ठोस नीति एवं कार्यक्रम लागू गर्ने मनसाय हुँदैन, ती देशमा परराष्ट्र सम्बन्धको पनि ठोस दिशा र लक्ष्य हुँदैन। सम्बन्धको धागो निरन्तरको सम्पर्क, सहकार्य, संवाद एवं सद्भावबाट नै बलियो बनाउन सकिन्छ। व्यङ्ग्य, कटाक्ष, आक्षेप, दोषारोपण र अनावश्यक टीका–टिप्पणीले दुई पक्षीय सम्बन्धमा कटुता मात्रै ल्याउन सक्दछ। परराष्ट्र सम्बन्धजस्तो संवेदनशील विषयमा परिपक्व र गम्भीर भूमिकाको अपेक्षा हुन्छ। यसलाई कहिल्यै हलुकारूपमा लिने काम गर्नुहुँदैन।

नेपालको संविधान–२०७२ को निर्माण भइरहेका बखत २०७२ साउनमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीका विश्वासपात्र एमाले नेता प्रदीप ज्ञवाली नयाँ दिल्ली भ्रमणमा थिए। त्यति बेला उनको नयाँ दिल्ली भ्रमणको आशय नै यथाशीघ्र संविधान जारी गर्नमा नेपालका प्रमुख राजनीतिक दलहरूले थालेको काममा भारतले आफ्नो पूर्ण समर्थन जनाउनु थियो। नेपाली काङ्ग्रेस र नेकपा एमालेसित २०७० को माघ–फागुन महीनामा भएको सहमति अनुसार संविधानसभाबाट संविधान जारी हुने बित्तिकै सरकारको नेतृत्व नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई सुम्पिनु थियो। सम्भवतः भारतले त्यति बेला आफ्नो समर्थन व्यक्त गरिदिएको भए ओली भारतको विरोधमा उभिने थिएनन् तर भारतले त केही थप समय लागे पनि सबै दल र पक्षको मागलाई सम्बोधन हुने गरी ऋषिमनबाट संविधान जारी गर्न आग्रह गरेको थियो। यता ओली यथाशीघ्र प्रधानमन्त्री बन्न चाहन्थे। भारतको सुझाव उनलाई सहन भएन र उनले जसरी भएपनि संविधान जारी गरेर देखाइदिने भन्दै भारतलाई सराप्न थाले। नेपालको संविधान नेपाली सभासद्हरूले नै बनाउने थिए। भारत, अमेरिका तथा युरोपेली सङ्घले आफ्नो प्रतिनिधिलाई नेपालको संविधानसभामा पठाइदिने कुरा पनि भएन। ती देशहरूले संविधान जस्तो पवित्र ग्रन्थको निर्माणमा परिपक्वता, दूरदर्शिता, धैर्य र उदारताको प्रदर्शन गर्न आग्रह गरेका थिए तर त्यस सुझावलाई हस्तक्षेपको रूपमा ठान्ने काम भयो।

भारतको अनिच्छाका बावजूद २०७२ को असोजतिर ओली राप्रपा नेपाल र नेकपा माओवादीको समर्थनबाट प्रधानमन्त्री बन्न सफल भए। आफ्नो पहिलो कार्यकालमा उनले उत्तरी छिमेकीसित राम्रो सम्बन्ध बनाउने तथा दक्षिणी छिमेकीलाई सकभर जिस्काउने काम गरे। दक्षिण एशियाका देशहरूमा भारतको विरोध गर्नुलाई नै राष्ट्रियताको मापदण्डको रूपमा परिभाषित गरिएको छ। प्रधानमन्त्री ओलीले यसको उपभोग आफ्नो निम्ति गरे तथा आफूलाई नेपालको राजनीतिक इतिहासकै सर्वाधिक ठूलो राष्ट्रवादी नेताको रूपमा प्रस्तुत गर्न थाले। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफूलाई मधेसवादी दल तथा मधेसी दलका नेतालाई ठेगान लगाउने एकमात्र नेताको रूपमा प्रस्तुत गर्न थाले। पहाडी क्षेत्र तथा नेपालीभाषी जनतामाझ आफूलाई ठूलो राष्ट्रवादी नेता साबित गर्न उनी सफल भए भने अर्कोतिर मधेसवादी दलका नेताहरूले पनि आफूलाई ओलीको विरोधी साबित गर्ने प्रयास गरे। २०७४ सालको आमनिर्वाचनमा पहाड र मधेस दुवैतिरका जनताले नकारात्मक मतदान गरे। फलस्वरूप पहाड र तराई–मधेसमा वामपन्थी गठबन्धनले सफलता हासिल गऱ्यो। मध्यमार्गमा हिंड्ने लोकतान्त्रिक पार्टी नेपाली काङ्ग्रेसले ठूलो पराजय भोग्नुपऱ्यो।

वाम गठबन्धनको नेताको हैसियतले ओली प्रधानमन्त्री बन्न त सफल भए तर चुनावी प्रतिबद्धताहरूलाई पूरा गर्नु उनको निम्ति सहज भएन। उत्तरी छिमेकी र अमेरिकासित एक समान सम्बन्ध कायम राख्नु पनि उनलाई सम्भव भएन। विश्वका कुनै पनि देशले यस प्रयोगलाई सफल पार्न सक्दैन तसर्थ ओलीको निम्ति यो सम्भव भएन। सन् १८१६ को सुगौली सन्धिलाई आधार बनाएर उनले नेपालको नयाँ नक्शा पनि जारी गर्न लगाए। राष्ट्रियतासित सम्बन्धित विषय भएकोले संसद्ले यस विषयमा सरकारलाई सहयोग गऱ्यो। यस घटनाले भारतसितको सम्बन्ध झन् तिक्ततापूर्ण बनायो। नयाँ नक्शा अनुसारको भूभाग फिर्ता पाउनु सजिलो छैन। भगवान् रामको जन्मस्थलको विषयलाई पनि उनले विवादमा ल्याउने काम गरे तर हिट एन्ड रनको आधारमा धेरै लामो समयसम्म राजनीतिक गर्न सकिंदैन। अन्ततः उनका सबै घोषणा असफल साबित भए।

केपी शर्मा ओलीले आफ्नो पहिलो कार्यकालमा नेपाली जनतामाझ बाँडेका आश्वासनहरूलाई धरातलमा उतार्नु सहज थिएन। सस्तो लोकप्रियता हासिल गर्न र चुनावी सफलता हासिल गर्न उनले नेपाली जनतालाई निकै आकर्षक एवं लोभ्याउने खालका सपना देखाए। तर प्रधानमन्त्रीको कुर्सीमा बसेपछि उनले नयाँनयाँ घोषणाहरू गर्दै गए। बिस्तारै–बिस्तारै उनको विश्वसनीयता कम हुँदै गयो र उनी अलोकप्रिय हुँदै गए। ओलीको बढ्दो अलोकप्रियताले वाम गठबन्धनलाई चिन्तित तुल्याउनु स्वाभाविक थियो र वाम गठबन्धन, नेकपा एवं एमालेभित्र पनि उनको विरोध हुन थाल्यो। पार्टीभित्रको विरोधलाई दबाउन उनले नयाँनयाँ विधेयकको सहारा लिए तर काम लागेन। अन्ततः प्रतिनिधिसभालाई समेत विघटन गरे तर झन्डै दुई तिहाइ बहुमत प्राप्त गरी सङ्घीय सरकारको नेतृत्व गरेका ओली पदबाट हट्ने बेलामा झन्डै एक तिहाइ सांसदको समर्थनमा खुम्चिन पुगे। अब ओलीयुगको पटाक्षेप भएको छ र उनलाई स्मरण गर्नुपर्ने खालका कुनै काम देखिंदैन।

नवनियुक्त प्रधानमन्त्री देउवाले प्रतिनिधिसभामा दुई तिहाइ बहुमत हासिल गरेका छन्। दक्षिणी छिमेकी भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले उनलाई बधाई दिँदै दुई देशबीचको सम्बन्धलाई प्रगाढ बनाउनुका साथै कोभिड–१९ को चुनौतीलाई मिलेर मुकाबिला गर्न आफ्हरू सफल हुने विश्वास व्यक्त गरेका छन्। अनुभवी राजनीतिज्ञ देउवाले आफ्नो डेढ वर्षको कार्यकालमा देशलाई सही दिशा प्रदान गर्ने अपेक्षा गर्न सकिन्छ। उनले देशभित्र मात्रै होइन, नेपालको परराष्ट्र सम्बन्धलाई पनि नवीन आयाम दिने अपेक्षा गर्न सकिन्छ।

# हिन्दू धर्म असुरक्षित हुँदैछ -वक्ताहरू

प्रस, वीरगंज, ९ साउन/

जनजाति कल्याण आश्रम नेपालका महासचिव प्रेम थुलुङले नेपालमा हिन्दू धर्म असुरक्षित भएको महसूस हुन थालेको बताएका छन् ।



कार्यक्रममा मन्तव्य व्यक्त गर्दै अध्यक्ष सुबोध गुप्ता । तस्वीर सौजन्य : प्रणय

हिन्दू स्वयंसेवक सङ्घ नेपालले आदर्शनगरस्थित जैन धर्मशालामा गुरु पूर्णिमाको अवसरमा आयोजना गरेको गुरु दक्षिणा उत्सवको उद्घाटन गर्दै महासचिव थुलुङले विभिन्न प्रलोभनमा पारी धर्म परिवर्तन गराउने कार्य भइरहेकोले हिन्दू धर्म असुरक्षित हुन थालेको बताए ।

उनले देशमा ८२ प्रतिशत हिन्दू, ९ प्रतिशत बुद्धिस्ट, र ३ प्रतिशत किराँत गरी ९४ प्रतिशत हिन्दू सनातन धर्म मान्ने समाज भएपनि थोरै उपेक्षित वर्गका कारण पूरै समाज असुरक्षित हुन लागेको भन्दै चिन्ता व्यक्त गरे । उनले अशिक्षा, गरीबीका कारण धर्म परिवर्तन गर्ने काम भइरहेकोले यसलाई रोक्नुपर्ने बताए ।

वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्व अध्यक्ष अशोक बैदले हिन्दू राष्ट्र बनाउन एक भएर अगाडि लाग्नुपर्ने बताए ।

हिन्दू धर्म कमजोर हुनुको कारण साङ्गठनिक एकता कमजोर भएको बताउँदै उनले अबका दिनमा एक ढिक्का भएर अगाडि बढ्न सुझाव दिए ।

हिन्दू स्वयंसेवक सङ्घ पर्साका अध्यक्ष ललन द्विवेदीको अध्यक्षतामा भएको कार्यक्रममा वेदप्रकाश, रञ्जित साहलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सहजीकरण कृष्णा चौरसियाले गरेका थिए ।

यसैबीच गुरु पूर्णिमाको अवसरमा शङ्कराचार्य पीठ परिषद् नेपालले माईस्थानमा आयोजना गरेको हवन तथा सम्मान कार्यक्रमका प्रमुख अतिथि वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्ताले हिन्दू धर्ममाथि अनेकौं प्रकारको आक्रमण भइरहेको बताए । उनले हिन्दू धर्ममा विद्यमान विकृति हटाउँदै यसको संरक्षण र संवर्द्धनमा आह्वान गरे ।

ज्येष्ठ नागरिक सङ्घ, पर्साका पूर्व अध्यक्ष पशुपति विक्रम शाहले हिन्दू राष्ट्र स्थापनाको लागि सबै क्षेत्रबाट जोडदार आन्दोलन आवश्यक भएको बताए ।

कार्यक्रमको संयोजक डा अनिलकुमार झाले आदिगुरु शङ्कराचार्य, स्वामी निश्चलानन्द महाराजको नेपालप्रति अगाध माया रहँदै आएको बताए । उनले नेपालमा हिन्दू धर्ममाथि भइरहेको आक्रमण बचाउन निर्देशन दिएको जानकारी गराए ।

वीरगंज संस्कृत विद्यालयका प्राचार्य विजयनाथ तिवारीको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

# खेलकुदको संसार

## टोकियो ओलम्पिक : कल्पनाको राष्ट्रिय कीर्तिमान

काठमाडौं, ९ साउन/रासस

जापानको राजधानी टोकियोमा भइरहेको ३२औं ग्रीष्मकालीन ओलम्पिक खेलकूदमा नेपाली सुटिङ खेलाडी कल्पना परियारले राष्ट्रिय कीर्तिमान बनाएकी छन् ।


सुटिङ खेलाडी कल्पना परियार । तस्वीरः रासस

परियारले महिला १० मिटर एयर राइफल स्पर्धा अन्तर्गत भएको खेलमा ६१६ दशमलव आठ अङ्क बनाउँदै राष्ट्रिय कीर्तिमान बनाएकी हुन् । सो क्रममा उनले पहिलो सिरिजमा १०२ दशमलव दुई, दोस्रोमा १०५ दशमलव चार, तेस्रोमा १०१ दशमलव ०, चौथोमा १०४ दशमलव एक, पाँचौंमा १०३ दशमलव चार तथा छैटौं सिरिजमा १०० दशमलव सात अङ्क जोडिन् ।

परियारले यसअघि नेपालमा भएको १३औं दक्षिण एशियाली खेलकूद (साग)मा ६१४ दशमलव पाँच अङ्क बनाएकी थिइन् । त्यो बेला पनि परियारले महिला १० मिटर एयर राइफलतर्फ राष्ट्रिय कीर्तिमान बनाएकी थिइन् । परियार सागमा चौथो भएकी थिइन । उनी टोकियो ओलम्पिकमा छनोट चरणमा ५० खेलाडीमध्ये ४६औं स्थानमा रहनुका साथै प्रतियोगिताबाट बाहिरिएकी छन् ।

परियारले प्रतिस्पर्धा गरेको समूहबाट आठ खेलाडी फाइनल चरणमा प्रवेश गरेका छन् । नेपाली सेनाको त्रिभुवन आर्मी क्लबकी खेलाडी उनी वाइल्ड कार्ड प्राप्त गर्दै ओलम्पिकमा छनोट भएकी हुन् । सो समूहमा नर्वेकी खेलाडी ६३२ दशमलव नौ अङ्कका साथ पहिलो, कोरियाली खेलाडी ६३१ दशमलव सात अङ्कसहित दोस्रो तथा अमेरिकी खेलाडी ६३१ दशमलव चार अङ्कका साथ तेस्रो भए ।

टोकियो ओलम्पिकमा अब पौडीका गौरिका सिंह र एलेक्स शाह, एथलेटिक्सकी सरस्वती चौधरी तथा जुडोकी सोनिया भट्टले प्रतिस्पर्धा गर्न बाँकी नै छ । सिंहले महिला १०० मिटर फ्रि स्टाइल, शाहले पुरुष १०० मिटर फ्रि स्टाइल, भट्टले महिला ४८ किलो तौल समूह तथा चौधरीले महिला १०० मिटर दौडमा प्रतिस्पर्धा गर्नेछन् । टोकियो ओलम्पिक यही साउन २४ गतेसम्म सञ्चालन हुनेछ ।

# ७ महिलासहित ९९ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ९ साउन/

वीरगंजमा शनिवार तीन ठाउँमा सम्पन्न रक्तदान कार्यक्रममा सातजना महिलासहित ९९ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।

रक्तसञ्चार दिवसको अवसरमा कोलिनिका अगाडि आयोजित रक्तदान कार्यक्रममा ११ जनाले रक्तदान गरेका थिए ।

यसैगरी लायन्स क्लबले महावीर धर्मशालामा आयोजना गरेको रक्तदान कार्यक्रममा ६ जना महिलासहित ५५ जनाले रक्तदान गरेको रक्त सञ्चार केन्द्र वीरगंजका प्राविधिक जितेन्द्र कुशवाहाले बताए ।

रक्तदान कार्यक्रममा दीपिका श्रेष्ठ, राजीव झा, किरणकुमारी, बुनिलाल प्रसाद, रवि श्रेष्ठ, मंदिपा प्रधान, आदित्य शर्मा, रजय अग्रवाललगायतले रक्तदान गरेका थिए ।

यसैगरी बकरीदको अवसरमा अन्जुमन इस्लामियाँ वीरगंज-१२/१३ ले मुर्लीमा आयोजना गरेको रक्तदान कार्यक्रममा एकजना महिलासहित ३३ जनाले रक्तदान गरेको प्राविधिक धीरेन्द्र झाले बताए ।

मुख्यमन्त्री लालबाबूराउत गद्दीले रक्तदान कार्यक्रमको उद्घाटन गरेका थिए भने शबाना खातुन, असगर अली, मुर्तजा हवारी, समिर अन्सारी, फारूक अलि अन्सारीलगायतले रक्तदान गरेका थिए ।



लायन्स क्लबले आयोजना गरेको रक्तदान कार्यक्रममा रक्तदान गर्दै । तस्वीरः प्रतीक

# रक्तसञ्चार केन्द्र भवनको शिलान्यास

प्रस, वीरगंज, ९ साउन/

वीरगंज महानगरपालिका प्रमुख विजयकुमार सरावगीले रक्तसञ्चार केन्द्र भवनको शिलान्यास गरेका छन् ।

कोलिनिका अगाडि वीरगंज महानगरको हाल सशुल्क पार्किङ रहेको पुरानो वारुणायन्त्र रहेको जग्गामा रक्तसञ्चार केन्द्र भवन निर्माणको लागि नगरप्रमुखले शिलान्यास गरेका हुन् ।

उनले नारायणी अस्पताल परिसरमा रहेको रक्तसञ्चार केन्द्र अस्पतालको नयाँ संरचना बन्दा र मेनरोड फराकिलो हुने हुँदा विस्थापित हुने हुनाले यस्तो व्यवस्थापन गरिएको बताए । उनले भवन निर्माणको लागि महानगरपालिकाले चालू आवमा २५ लाख रकम छुट्याएको र थप सहयोग गर्ने आश्वासन दिए ।

उनले भवनमा एउटा कोठा आफ्ना पिता स्व. चिरञ्जीवीलाल सरावगीको स्मृतिमा आफ्नो खर्चबाट बनाइदिने घोषणा गरे ।

महानगरपालिकाले उपलब्ध गराएको जग्गामा पाँच तल्ले भवन खडा गरिने नेपाल रेडक्रस सोसाइटी पर्साका सभापति वीरेन्द्रराज कँडेलले बताए । उनले सो अनुरूपको डिजाइन तयार भएको र चन्दा सहयोगमा करीब साढे ४ करोडमा भवन निर्माण हुने जानकारी गराए ।

शिलान्यास कार्यक्रममा उपप्रमुख शान्ति कार्की, नेपाल रेडक्रस सोसाइटी प्रदेश सभापति फुलमहम्मद मियाँ, रेडक्रस पर्साकी उपसभापति मधु राणा, मन्त्री शैलेन्द्र चौरसिया, महन्त यादव, दयाशङ्कर सिंह र रक्तसञ्चार केन्द्रका प्रमुख उदयराज शर्मा तथा प्राविधिक प्रमुख सौरभराज पाण्डे, वडाध्यक्ष बैजु स्वर्णकार, सशस्त्र प्रहरी नायब उपरीक्षक निर्मल थापालगायतको सहभागिता रहेको रेडक्रसका सहायक राजन श्रीवास्तवले बताए ।

# ७१ कोठे जनक भवन निर्माण सम्पन्न

प्रस, जनकपुरधाम, ९ साउन/

जनकपुर उपमहानगरपालिकाकाको लगानीमा निर्मित जनक भवनको उद्घाटन भएको छ । उपमहानगरका प्रमुख लालकिशोर साह र उपप्रमुख रीता झाले संयुक्तरूपमा जनक भवनको उद्घाटन गरेका हुन् ।

आठ करोड १३ लाख रुपियाँ लगानीमा निर्माण भएको भवनको छ वटा तला र ७१ वटा कोठा छन् । प्राचीन मिथिलाका राजा जनकको दरबारकै झझल्को दिनेगरी बनाइको जनक भवनको भुइँ तलालाई सदानन्द सदन नामाकरण गरिएको छ । त्यसको पहिलो खण्डलाई जानकी सदन, दोस्रो खण्डलाई सलहेश सदन, तेस्रो खण्डलाई विदुषी गार्गी सदन, चौथो खण्डलाई विदुषी मैत्रेयी सदन, पाँचौं खण्डलाई याज्ञवल्क सदन र छैटौं खण्डको सभागृहलाई अष्टावक्र नामकरण गरिएको छ ।

विसं २०१९ मा जनक चोकमा निर्मित सानो फुसको घरमा रहेको जनक भवन, तत्कालीन नगरपालिकाले बनाइदिएको पक्की भवन हुँदै हाल त्रेतायुगीन जनक भवनको झल्को दिनेगरी निर्माण गरिएको उपमहानगरपालिकाले जनाएको छ ।

# २७ वटा सवारी साधनलाई जरिवाना

प्रस, वीरगंज, ९ साउन/

२ नं. प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैया बाराले शुक्रवार राति २७ वटा सवारी साधनलाई यात्रुसँग बढी भाडा लिएको कसूरमा कारबाई गरेको छ ।

सूचना अधिकृत प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारले ७ वटा बस, १८ वटा हाइस र दुईवटा सुमो गरी २७ वटा सवारीसाधनका २०३ जना यात्रुको ५८ हजार ५ सय ४० रुपियाँ फिर्ता गराएको र सवारी साधनलाई दण्डित गरेर ३६ हजार राजस्व सङ्कलन गरेको बताए ।

# क्वीक ब्रेकर जडान

प्रस, वीरगंज, ९ साउन/

ग्रीनसिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरले शनिवार विभिन्न चोकमा क्वीक ब्रेकर जडान गरेको छ ।

जिल्ला प्रशासन कार्यालय, पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलेको प्रमुख आतिथ्यमा होटल मकालु, रूँगटा वेलफेयर सोसाइटी र ग्रीनसिटी सामुदायिक केन्द्र अगाडि र माईस्थान चोकमा क्वीक ब्रेकर जडान गरिएको थियो ।

सवारी दुर्घटना न्यूनीकरणको लागि क्वीक ब्रेकर सहायक हुने ग्रीन सिटीका अध्यक्ष प्रकाश खेतानले बताए ।

कार्यक्रममा पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनाल, ट्राफिक प्रहरी निरीक्षक सुमन कार्की, वप्रका बिर्ताका प्रनानि वसन्त नेपाललगायतको सहभागिता थियो ।

# पोखरीमा पानी अडाउन माटो भर्ने कार्य शुरू

प्रस, निजगढ, ९ साउन/

डिभिजन वन कार्यालय, सिमरा बाराको निर्देशनमा पोखरीमा पानी जम्ने गरी माटो फिलिङ गर्ने कार्य वन समूहले शुरू गरेको छ ।


निर्देशनपछि पोखरीमा माटो फिलिङ हुँदै । तस्वीरः प्रतीक

निजगढ नगरपालिका-४ बागदेव स्थित बागभैरव सामुदायिक वन उपभोक्ता समूहले आफ्नो वन क्षेत्रभित्र नयाँ पोखरी निर्माण गरेपनि पानी अडिने वा नअडिने कुनै ख्याल नगरी पोखरी खनेर रकम सिध्याएपछि त्यसको विरोध भएपछि वन कार्यालयले वन समूहलाई कम्तीमा ६ इन्च बाक्लो माटो फिलिङ गर्न निर्देशन दिएको थियो ।

यस अघि पोखरी खन्दा निस्केको बलौटे माटो पोखरीमा छर्केर रकम पचाउने कोशिश गरेपनि कडा निगरानी बढेपछि रकम निकासा नहुने देखेर बाध्य भएर माटो फिलिङ गर्ने काम शुरू भएको हो । चुरे फेद आसपास र एक सय बिघाभन्दा बढी नदी उकास वन क्षेत्र नजीकै बनाइएको पोखरी निर्माण गर्न डिभिजन वन कार्यालय, बाराले २८ लाख ५० हजार रकम निकासा गरेको थियो । उक्त पोखरी निर्माणका लागि वन समूहको तर्फबाट अध्यक्ष सुदर्शन लामिछानेले सम्झौतामा सही छाप गरेका थिए । तर सो पोखरीमा पानी अड्ने वा न अड्ने कुनै ठेगान नभएपछि पानी अडाउन वन कार्यालयले माटो फिलिङ गर्न ताकेता गर्दै आएको थियो । माटो फिलिङ गर्न थप रकम डिभिजन वन कार्यालय बाराले नभई समूहले बेहोर्नुपर्ने उपभोक्ताहरूको माग छ ।

पोखरी बनाउने रकमबाटै पोखरीमा माटो फिलिङ गर्ने वन समूहको निर्णय रहेको कोषाध्यक्ष राम खड्काले बताए । वन समूहले आफ्नो वन क्षेत्रभित्र माथिल्लो पुरानो पोखरी सफा गर्ने र फराकिलो बनाउँदा निस्कने माटोबाट नयाँ पोखरी फिलिङ गर्नेगरी काम अघि बढाएको उनले जानकारी दिए ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी
- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं । - फूटपाथमा जथाभावी पसल नराखौं । - मास्क र पञ्जा प्रयोग गरौं ।
- अनावश्यक भीडभाड नगरौं । - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं । - वन-वे, टु-वे नियम पालना गरौं । - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं । - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं ।